पञ्चकन्या गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाकुरीभञ्ज्याङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं.:२०८३/०८४
सू.नं.: ३८

(कृषि विकास शाखा)

राम्चेढुङ्गा सामुदायीक वनमा टिमुर खेती, गोडमेल तथा मल व्यवस्थापन कार्यक्रम(पञ्चकन्या-४)मा प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना !!!

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३ मंसिर ४ गते शुक्रबार।)

प्रस्तुत विषयमा यस पञ्चकन्या गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत राम्चेढुङ्गा सामुदायीक वनमा टिमुर खेती, गोडमेल तथा मल व्यवस्थापन कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले सम्बन्धित सामुदायीक वन उपभोक्ता समुहले आफ्नो विस्तृत कार्य-योजना र प्रस्तावना सहित अन्य आवश्यक कागजात पेश यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८३/०८/१० गते) भित्र यस गाउँपालिकाको कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

आवश्यक कागजातहरु:

- तोकिएको ढाचाँ बमोजिमको आवेदन फाराम(निवेदन)।
- सामुदायीक वन उपभोक्ता समुहको दर्ता तथा नविकरण भएको प्रमाणपत्र प्रतिलिपि, स्थायी लेखा नम्बर(प्यान)को प्रतिलिपि, लेखा परीक्षण सहितको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- जग्गा/जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।
- निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
- कार्य समितिको निर्णयको प्रतिलिपि, कार्य समिति सदस्यहरुको नागरिकताको प्रतिलिपि।
- वडा कार्यालयको सिफारिस पत्र।

(नोटः थप जानकारीका लागि कृषि विकास शाखा(९८६८३१२८०४) मा सम्पर्क गर्न सकिनेछ।)

देव प्रसाद बुढा
प्राविधिक सहायक(पाँचौं)

CamScanner